जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर। म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

बर्ष १२ • अंक २७९ • २०८२ श्रावण १३ गते मंगलवार • 29 Jul. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

# बालमैत्री स्थानीय शासन कार्यान्वयनमा तीन तहबीच समन्वय आवश्यक

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १२ श्रावण



बालमैत्री स्थानीय शासन अवलम्बन तथा कार्यान्वयनका लागि पैरबी गोष्ठी सोमबार जनकपुरधाममा सम्पन्न भएको छ।

युरोपियन युनियन तथा संयुक्त राष्ट्र संघ (युनिसेफ) को आर्थिक तथा प्राविधिक सहयोग र खेलकूद तथा समाज कल्याण मन्त्रालयको समन्वयमा लाइफ नेपालले आयोजना गरेको पैरबी गोष्ठीमा जनप्रतिनिधिहरुले सुसंस्कृत एवं जिम्मेवार बनाउन अहिले नै सम्पूर्ण बालबालिकाको चौतर्फी विकासमा जोड दिनुपर्ने बताए। रौतहट जिल्लाको बौधिमाई नगरपालिकाका नगर प्रमुख प्रदिपकुमार यादवले तीनै तहका सरकारले भौतिक विकासमा बढी जोड दिँदै पूर्वाधार विकास अर्थात् आँखाले देख्न सकिने संरचनाको विकास निर्माण गर्दै आएपनि त्योभन्दा बढी संवेदनशील र महत्वपूर्ण क्षेत्र सामाजिक विकासमा लगानी गर्नुपर्नेमा जोड दिए। जबसम्म मानवीय विकासको गति बढ्दैन, उनले भने- तबसम्म भौतिक संरचनाको विकासले दिने प्रतिफल गुणस्तरीय हुन सक्दैन। त्यसैले सबै सरकार र सरोकारवाला पक्षको साझा बुझाइ निर्माण गर्दै भावी पुस्ताको विकासमा एकसाथ लाग्नुपर्ने तर्क उनले गरे। सशक्त महिला, समृद्ध नेपाल कार्यक्रम अन्तर्गत गरिएको गोष्ठीमा लाइफ नेपालका अध्यक्ष सुरेत ठाकुरले बाल अधिकारको विषयमा नेपालले अन्तर्राष्ट्रिय समुदायमा गरेका प्रतिबद्धता पूरा गर्न तथा बाल अधिकार प्रवर्द्धन गर्न जारी कानुनको प्रभावकारी कार्यान्वयनका लागिसमेत बालमैत्री स्थानीय शासन निकै महत्वपूर्ण अवधारणा रहेको बताए।

यसले स्थानीय तहमा बालबालिकासम्बन्धी नीति, ऐन, कार्यविधि, निर्देशिकालगायतका कानुन तर्जुमा, कार्यक्रमसहित बजेट विनियोजन, कार्यान्वयन तथा अनुगमन र मूल्याङ्कन गर्ने संस्थागत परिपाटीको विकास गराउने ठाकुरले तर्क गरे। स्थानीय तहले बालमैत्री स्थानीय शासन अभियान सञ्चालन गर्दा स्थानीय व्यक्ति, परिवार, टोल विकास संस्था, विद्यालय, स्वास्थ्य संस्था, स्थानीय सङ्घसंस्था तथा वडा सबैलाई बाल अधिकारप्रति संवेदनशील बन्न उत्प्रेरित गर्दै बालमैत्री बोली, व्यवहार र आचरणप्रति जिम्मेवार बनाउने विश्वास उनले व्यक्त गरे।

नेपाल सरकारले सबै स्थानीय तहलाई वि.सं. २०८७ (सन् २०३०) सम्ममा बालमैत्री बनाउने लक्ष्य लिएको छ। स्थानीय तहको आवधिक तथा वार्षिक योजनामा बाल अधिकारका सवाललाई प्राथमिकता दिने, समुचित विकासका लागि आवश्यक पर्ने सबै सेवा, सुविधामा हरेक बालबालिकाको पहुँच सुनिश्चित गराउने उद्देश्य बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ को रहेको छ। लाइफ नेपालका कार्यक्रम व्यवस्थापक लक्ष्मी साहले संचालन गरेको गोष्ठीको सहजीकरण जीतेन्द्र यादवले गरेका थिए। गोष्ठीमा जनकपुरधाम उपमहानगरपालिकाका नगर उपप्रमुख किशोरी साह, नवराजपुर गाउँपालिकाका उपाध्यक्ष पुनम यादव, नगराइन नगरपालिकाका उपप्रमुख राधादेवी यादव, पकहामैनपुर गाउँपालिकाका उपाध्यक्ष सरफुन नेसा, आदर्शकोतवाल गाउँपालिकाका उपाध्यक्ष मिरा देवी, जनकपुरधाम उपमहानगरपालिकाका उपसचिव मेहिलाल यादव, खेलकूद तथा समाज कल्याण मन्त्रालयका उपसचिव निर्मला मिश्र, सिरहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत इदरिश राईन, युनिसेफका विष्णुमाया भट्टराई, लाइफ नेपालका सामाजिक सुरक्षा अधिकृत सुचिता झा, लेखा अधिकृत बिजय कुमार मण्डल लगायतको उपस्थिति रहेको थियो। गोष्ठीमा मधेशका ६ जिल्लाका १२ पालिका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, महिला बालबालिका शाखा प्रमुख, सीएफएलजी फोकल पर्सनको सहभागिता रहेको छ। धनुषाको जनकपुरधाम उपमहानगरपालिका र नगराइन नगरपालिका, सिरहा जिल्लाको नवराजपुर गाउँपालिका, सखुवानन्कारकट्टी गाउँपालिका र सिरहा नगरपालिका, सप्तरीको अग्नीसाइर कृष्णासवरण गाउँपालिका, बाराको आदर्श कोतवाल गाउँपालिका र पर्सा जिल्लाको वीरगंज महानगरपालिका, विन्दवासिनी गाउँपालिका र पकहामैनपुर गाउँपालिकामा सशक्त महिला, समृद्ध नेपाल कार्यक्रम संचालनमा रहेको छ। बालमैत्री स्थानीय शासनका लागि तय गरिएका बाल बचाउका १४ सूचक, बाल संरक्षणका १० सूचक, बाल विकासका छ सूचक र बाल सहभागिताका छ, सेवा प्रवाहसम्बन्धी ३६ वटा र संस्थागत विकासका १५ सूचक गरी ५१ वटा सूचक उल्लेख गरिएको छ।

बालबालिका केन्द्रित योजना नीति, संरचना र सेवा प्रवाह स्थानीय तहमा संस्थागत गर्ने उद्धेश्यले बालमैत्री स्थानीय शासन अवलम्बन तथा कार्यान्वयन सम्बन्धी गोष्ठी आयोजना गरिएको लाइफ नेपालका कार्यक्रम व्यवस्थापक लक्ष्मी साहले बताइन्।

# साउन शुक्ल तृतीयादेखि पूर्णिमासम्म चल्ने झुला महोत्सव पर्व सुरु



जलेश्वरटुडे समाचारदाता
महोत्तरी, १२ श्रावण

मधेसको मिथिला क्षेत्रमा अहिले झुला महोत्सवको माहोल छ। साउन शुक्ल तृतीयादेखि पूर्णिमासम्म चल्ने पर्व आइतबार साँझ सुरु भएको हो। विष्णुलक्ष्मी भक्तिको यो पर्व घरघरै नभएर मठ मन्दिरमा सामुहिक रुपमा मनाइन्छ। विष्णु लक्ष्मीका अवतार मानिने राम सीता र कृष्ण राधाका प्रतिमालाई विशेष झुला ( कोक्रा, एकप्रकारको कलात्मक पिङ्मा) भुलाउनु (हल्लाउनु) नै यस पर्वको मुख्य विधि हो।

झुलामा राखिएका प्रतिमालाई डोरी समाएर झुला गीत गाउँदै श्रद्धालुले हल्लाउने गर्छन्। महोत्तरीको मटिहानीस्थित लक्ष्मीनारायण मन्दिरबाट लक्ष्मीनारायणका प्रतिमा डोलीमा राखेर बजागाजासाथ झुलाघर पुऱ्याएर पर्व सुरु गरिएको छ। यो पर्वमा आम सर्वसाधारण आफ्नो बस्ती नजिकको मठ वा मन्दिरमा भेला भई भजनकीर्तन गाउँदै सीताराम र राधाकृष्णका प्रतिमा राखिएका झुला हल्लाउँदै नाच्दै भक्तिमा छन्। झुला उत्सवमा मिथिलाको लोकलयमा झुला, मलार र कजरी गीत गाइने चलन छ। झुलनोत्सव भनिने यो पर्व प्राचीन मिथिलाक्षेत्रका सबैतिर मनाइए पनि महोत्तरीको मटिहानीस्थित लक्ष्मीनारायण मठ र मन्दिर एवं जनकपुरस्थित जानकी मन्दिरको निकै प्रसिद्ध छ। मिथिलामा यो पर्व राम जन्मभूमि अवध (अयोध्या) र कृष्णको बाललीलास्थल मानिने वृन्दावनबाट देखासिकीबाट भित्रिएको विश्वास गरिन्छ। प्राचीन मिथिलाको राजधानी जनकपुरधाम सीताको माइती भएका हुँदा ज्वाइँलाई प्रसन्न गराउन पर्ने मैथिल परम्पराअनुसार यो पर्व मनाउन विसं १७८७ तिर सन्त सुरकिशोर दासले सुरु गराउनुभएको लक्ष्मीनारायण मठका उत्तराधिकारी महन्थ डा रवीन्द्रदास वैष्णव बताउनुहुन्छ। जनकपुरमा अघि रामसीताको विवाह हुँदा राजा जनकले दाइजोमा दिनुभएको हिरा, रत्न र मणिमाणक्यको थुप्रो लागेको र त्यो पहाडजस्तै बनेको बताइन्छ। अहिले मणिपर्वत भनिने सो ठाउँ जनकपुरस्थित जानकी मन्दिरबाट करिब पाँच किलोमिटर उत्तरपश्चिममा अवस्थित छ। झुला पर्वमा साउन शुक्ल तृतीयाका दिन यसै मणिपर्वतको पूजा गरेर पर्व सुरु गरिने मिथिला परम्परा छ। महोत्तरीको मटिहानीमा छुट्टै झुलाघर निर्मित छ। जहाँ लक्ष्मीनारायण मठ र मन्दिरबाट विष्णुलक्ष्मी प्रतिमा डोलीमा बोकेर ल्याइ झुलामा भुलाइन्छ। मटिहानीमा अहिले जिल्लाका र सीमावर्ती भारतका दर्जनौ मठमन्दिरका प्रतिमा झुलाका लागि ल्याइएका छन्।

पर्वभरि साधुसन्त केन्द्रमा जम्मा भई पर्वमा रमाउँछन्। यो मिथिलाको परम्परासँग जोडिएको खास सांस्कृतिक पर्व रहेको मैथिल लोकसंस्कृतिका अध्येता एबं मिथिला माहात्म्यका नेपाली अनुवादक जलेश्वर-५ का बासिन्दा ध्रुव राय बताउनुहुन्छ। साउन पूर्णिमाका दिन विष्णुलक्ष्मीका प्रतिमा झुलाइने झुलनाको डोरी चुडालेर पर्व समापन गरिने मैथिल परम्परा छ।

**सम्पत्ति विवरण बुझाऔं**

- सार्वजनिक पद धारण गरेको व्यक्तिले आर्थिक वर्ष समाप्त भएको ६० दिनभित्र सम्बन्धित निकायमा सम्पत्ति विवरण बुझाईसक्नु पर्छ,
- राजिनामा वा अनिवार्य अवकास भई सेवा निवृत्त हुनेले समेत सेवा निवृत्त हुने आ.व. सम्मको सम्पत्ति विवरण बुझाउनु पर्छ,
- प्रदेश वा स्थानीय तहमा रहेका सार्वजनिक पद धारण गर्ने व्यक्ति तथा कर्मचारीले आफू कार्यरत कार्यालय मार्फत सम्बन्धित प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सम्पत्ति विवरण बुझाउनु पर्छ,
- करारमा कार्यरत कर्मचारीले कार्यरत निकायमै सम्पत्ति विवरण बुझाउनु पर्छ,
- सम्पत्ति विवरण बुझाउने दायित्व सम्बन्धित व्यक्तिको हो,
- समयमा सम्पत्ति विवरण नबुझाउनेलाई कानून बमोजिम जरिवाना हुन्छ।

**"त्यसैले समयमै सम्पत्ति विवरण बुझाऔं, सुशासनमा सहयोग गरौं"।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि




# जोखिमयुक्त क्षेत्रहरूको अध्ययन गर्न जरुरी

*मनसुनसँग सम्बन्धित प्रमुख विपद्, पहिरो र डुबान हुने सम्भावना भएका क्षेत्रहरू पहिचान गर्नु पूर्वतयारीको पहिलो चरण रहेको देखिन्छ । नेपाल सरकारका विभिन्न निकायहरू जस्तै- राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, जल तथा मौसम विभाग, भूगर्भ विभाग आदिले पहिल्यै जोखिमयुक्त क्षेत्रहरूको अध्ययन गरिसकेको देखिन्छ । यी जानकारीलाई अद्यावधिक गर्दै प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्रभित्रका उच्च जोखिमयुक्त बस्ती, विद्यालय, स्वास्थ्य चौकी, सडक र अन्य पूर्वाधारहरूको विवरण संकलन गर्नुपर्ने देखिन्छ । डिजिटल नक्सा र भूउपग्रह चित्रहरूको सहायताले जोखिमको पूर्वमानचित्र तयारी गर्नु आगामी विपद् व्यवस्थापनमा सहयोगी हुन्छ ।*

*मनसुनको समयमा एकछिनमा भारी वर्षा हुन सक्ने भएकाले प्रभावकारी पूर्वानुमान प्रणाली अपरिहार्य हुने देखिन्छ । मौसम विभागले दिने सूचना, जल सतहको अनुगमन र नदी प्रवाहको मूल्यांकन समयमै गर्न सक्नुपर्ने देखिन्छ । यसका लागि प्रारम्भिक चेतावनी प्रणालीलाई सबै जोखिमयुक्त क्षेत्रमा विस्तार गर्नुपर्ने आवश्यकता रहेको देखिन्छ । स्थानीय जनतालाई मोबाइल सन्देश, रेडियो, टेलिभिजन र सामाजिक सञ्जाल मार्फत ताजा मौसम जानकारी उपलब्ध गराउने संयन्त्र बलियो बनाउनुपर्ने देखिन्छ । बहु-स्रोतबाट सूचना प्रवाह हुने व्यवस्था गर्दा जनताको विश्वास पनि बढ्ने देखिन्छ ।*

# सदाय बस्तीमा धारा जडानले निकै राहत

**जलेश्वरटुडे समाचारदाता**
**सिरहा, १२ श्रावण**

मधेश प्रदेशमा सुख्खा खडेरीको कारण खानेपानीको समस्या विकराल रुप लिइरहेको समयमा लहान-१ र २ नम्बर वडामा रहेका सदाय बस्तीमा धारा जडानले निकै राहत भएको छ। लगभग दुई सय घरपरिवार रहेको सदाय बस्तीमा हरेक घरमा दलित जनकल्याण युवा क्लब लहानको पहलमा लहान नगरपालिका र वाटरएडको सहयोगमा खानेपानी तथा स्वच्छता कार्यक्रम अन्तर्गत धारा जडान गरिएको हो।



घरघरमा धारा जडान गरिपनि खानेपानी प्रवाह नहुँदा यस बिचमा समस्या आएको स्थानीयहरुले गुनासो सुनाउँदै खानलाई पानी पुगे पनि नुहाउन र बस्तुभाउलाई खुवाउन पानीको लागि समस्या अझै पनि रहेको स्थानीय चन्देश्वर सदायले सुनाउनुभयो। 'उकुसमुकुस भएर थोरै जगगामा बस्नु परिरहेको सदाय बस्तीमा धाराको पानी बग्ने नाला नहुँदा घर आँगनमा जडान गरिएको धाराको पानी नुहाउन लुगाधुन प्रयोग गरेको पानी निकसको लागि नाला नहुने समस्या छ,' स्थानीय सदाय समुदायले भन्नुभयो, 'नुहाउनको लागि जडान गरिएको दसवटा धाराहरुमध्ये सातवटा धारा बन्द रहेकोले समस्या भएकै हो।' लहान नगरपालिका १ र २ का दलित सदाय बस्तीमा धारा जडान गरिएपछि सरसफाइ र स्वच्छतासम्बन्धी दिइएको जनचेतना तालिमलाई व्यवहारमा नउतार्दा प्रति समूहमा रहेका सदस्यहरुले प्रति उपभोक्ताले महिनाको लाग्ने एकसय दस रुपियाँ न्यूनतम धारा शुल्क खानेपानी कार्यालयमा नबुझाउने धारा बिग्रियो भने खानेपानीमा जानकारीको लागि निवेदन समेत नदिँदा कहिलेकाहीँ समस्या हुने गरेको खानेपानी तथा स्वचछता कार्यक्रमका सहजकर्ताले बताउनुभयो।

धारा बिग्रिएपछि पानी आपूर्ति गर्न सदाय बस्तीमा वन डिभिजन कार्यालय लहानको सहयोगमा टयाङ्करबाट पानीको आपूर्ति गर्नुपरेको स्थानीय जनमत पार्टीका नेता बालेश्वर यादवले बताउनुभयो । अहिले लहान नगरपालिकाको दक्षिणी भेगमा खानेपानीका लागि प्रयोग गरिने हातेकल समेत सुक्न थालेको छ । धारा जडान नगरिएको भए लहानको दलित तथा विपन्न समुदायमा ठूलो मानवीय सङ्कट आउने निश्चित रहेको समयमा धारा जडानले निकै राहत मिलेको लहान २ नम्बरका वडाध्यक्ष सियाराम यादवले सुनाउनुभयो।

उहाँका अनुसार यस वडामा देखिएको खानेपानीको छिटपुट समस्या समाधानको लागि मिलन चोकमा केही समर्सिया बोरिङ जडान गर्नुपर्ने आवश्यकतालाई ध्यानमा राखेर यो समस्या चाँडै समाधान गरिनेछ।




अनुरोधकर्ता
बर्दिवास नगरपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश

# जनकपुरमा एक महिला मृत फेला



**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १२ श्रावण**

जनकपुरमा एक महिला मृत फेला परेकी छन्। जनकपुरधाम उपमहानगरपालिक ४ राराब कलेजज नजिक आफ्नै घरमा २३ वर्षीया शोभा मण्डल राति मृत फेला परेकी हुन्। चन्दन मण्डलका श्रीमती शोभा राति साढे १२ बजेतिर घरमा झुण्डेर मृत्यु भएको खबर प्रहरीमा पुगेको थियो।

प्रहरी जाँदा ओछ्यानमा शव फेला परेको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी निरीक्षक अनिल बैठाले बताए। उनका अनुसार घरपरिवारले झुण्डेको देखेपछि पासो काटेर ओछ्यानमा राखेको बयान प्रहरीलाई दिएका छन्। पोस्टमार्टम रिपोर्टपछि मात्र केही कुरा खुल्ने प्रहरीको भनाइ छ । प्रहरीले घटनास्थल पुगेर अनुसन्धान गरिरहेको छ। यता माइत पक्षले भने दाइजोकै लागि छोरीको हत्या गरेको दावी गरेको छ । मृतकका बुबा महोत्तरीका बर्दिबास नगरपालिका ४ माइस्थानका रामकिसुन मण्डलले ज्वाँइले दाइजोको लागि शोभालाई झैझगडा, विवाद कुटपिट गर्ने गरेको र त्यसकै लागि हत्या गरेको दावी गरे । पाँचवर्ष अघि शोभाको विवाह चन्दनसँग भएको थियो। उनका एक छोरी छन्।

## तपाईको टुडे

मेषः विचार गरेर बोल्नुहोला
वृषः आम्दानी हुने
मिथूनः खानपानमा समस्या आउने
कर्कटः पिछडेको साथी मिल्ने
सिंहः शुभ कार्यको शुरुवात
कन्याः लामो यात्राको योग छ
तुलाः अनावश्यक चिन्ता
वृश्चिकः अशुभ समाचार प्राप्त हुने
धनुः मनमा पछुतो आउने
मकरः अनावश्यक खर्चको संभावना
कूम्भः मित्रतामा फाटो आउने
मीनः पढाईमा ध्यान दिनुपर्ने

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# अमेरिकामा विनाशकारी बाढीको शृङ्खला: जलवायु परिवर्तनको गम्भीर सङ्केत

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १२ श्रावण



सन् २०२५ को गर्मीयाम अमेरिकाका लागि विशेष रूपमा चुनौतीपूर्ण बनेको छ। देशभर आएका विनाशकारी बाढीका शृङ्खलाले आपतकालीन सेवाहरूलाई दबाबमा पारेको मात्र नभई, वैज्ञानिकहरूले यसलाई जलवायु परिवर्तनसँग सम्बन्धित खतराको गम्भीर सङ्केतका रूपमा व्याख्या गरेका छन् ।

अमेरिकी मौसम विभागका अनुसार, यो वर्ष जुलाईसम्म मात्र ३ हजार ६०० भन्दा बढी आकस्मिक बाढी चेतावनी जारी गरिसकिएको छ । यो सङ्ख्या वार्षिक औसत (४ हजार) नजिक पुगिसकेको छ र अझै वर्षा जारी रहेमा यसलाई पार गर्न सक्ने अनुमान गरिएको छ । यस बाढीको सबैभन्दा ठूलो असर टेक्सास राज्यमा परेको देखिएको छ । जुलाई ४ मा आएको बाढीले ग्वाडालूपे नदी उपत्यकामा गम्भीर क्षति पुऱ्याएको थियो ।

स्थानीय अधिकारीहरूले दिएको जानकारीअनुसार, राज्यभर कम्तीमा १३५ जनाको निधन भएको छ। तीमध्ये धेरैजसो कर काउन्टीमा रहेका थिए, जहाँ १०७ जनाले ज्यान गुमाएका छन्। करभिल नजिकको नदीमा ४५ मिनेटको छोटो अवधिमा ११.३ मिटरभन्दा बढी पानीको सतह बढेको मापन गरिएको थियो, जसले उद्धार कार्यलाई थप जटिल बनाएको थियो । वैज्ञानिकहरूको विश्लेषणअनुसार, यस वर्ष समुद्रको सतहको तापक्रम अत्यधिक बढ्दा वायुमण्डलमा जलवाष्पको मात्रा धेरै पुगेको छ, जसले गर्दा वर्षा तीव्र भएको हो । जलवायु परिवर्तनका कारण भविष्यमा यस्ता घटना अझ गम्भीर र नियमित हुने सम्भावना तर्फ वैज्ञानिकहरूले सचेत गराइरहेका छन्। उनीहरूले बाढीको जोखिम न्यूनीकरणका लागि हरियाली पूर्वाधार, संशोधित भवन मापदण्ड र अद्यावधिक गरिएको बाढी नक्साको आवश्यकता औँल्याएका छन् ।

# पिताको कुन सल्लाह नमानेर पछुताइरहेछन् सलमान खान ?

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १२ श्रावण



बलिउड अभिनेता सलमान खानले आफ्ना पिताले भनेको कुरा नमानेकोले पछुतो लागेको बताएका छन् । बुबा सलिम खानले दिएको सल्लाह ढिलो स्वीकार गरेकोमा उनलाई पछुतो भएको हो । गल्तीहरू बारम्बार दोहोऱ्याउँदा ती गल्ती बानी बन्दै जाने पनि उनले बताए ।

हालै सलमान खानले आफ्नो आधिकारिक एक्स एकाउन्टमा एउटा पोस्ट गरेका थिए । 'वर्तमान हाम्रो विगत बन्छ र विगत हाम्रो भविष्य बन्छ । वर्तमान एउटा उपहार हो, त्यसैले यसलाई राम्रोसँग प्रयोग गर । बारम्बार दोहोऱ्याउँदा गल्तीहरू बानी बन्छ, र त्यसपछि यो पात्र बन्छन् । अरू कसैलाई दोष नदिनुस् । तपाईंले गर्न नचाहेको काम गर्न कसैले पनि जबरजस्ती गर्न सक्दैन । मेरो बुबाले मलाई यही भनेका थिए र यो एकदमै सत्य हो । मैले यो पहिले नै सुनेको भए, तर अब पनि ढिलो भएको छैन ।' सलमान खान आफ्ना पिता सलिम खानसँग निकै नजिक छन् । तर, एक समय यस्तो थियो जब सलमानको अभिनेता बन्ने इच्छा सुनेपछि सलिम खानले उनलाई गधा नै भनिदिए । पिता सलमानलाई अभिनेता होइन, क्रिकेटर बनाउन चाहन्थे । यसका लागि सलिमले पाकिस्तानका महान् क्रिकेटर सलिम दुर्रानीलाई सलमानको प्रशिक्षक बनाएका थिए । सलमानलाई क्रिकेटमा रुचि थिएन । तर उनी राम्रो खेल्थे । एक दिन उनको बुबा उनको खेल हेर्न रङ्गशालामा आए ।

आफूले राम्रो खेले भने सधैँभरि क्रिकेट नै खेल्नुपर्छ भन्ने उनलाई थाहा थियो । यही सोचेर पिता आफ्नो खेल हेर्न आएको दिनमा उनले जानी जानी नराम्रो खेले । उनको प्रदर्शन यति खराब थियो कि उनलाई क्रिकेटको प्रशिक्षणबाट हटाइयो । केही समयपछि सलमानले १९८९ को फिल्म 'बिवी हो तो ऐसी' बाट आफ्नो अभिनय करियर सुरु गरे । सलमानलाई फिल्ममा उनको अभिनय मनै परेन । उनी आफैँ आफ्नो फिल्म फ्लप होस् अनि कसैले नहेरोस् भन्ने कामना गरिबस्थे ।

पहिलो फिल्मबाट असन्तुष्ट सलमानले आफ्ना बुबा सलिम खानलाई फिल्म बनाएर आफूलाई पुनः लन्च गर्न अनुरोध गरे । छोराको यस अनुरोधमा पिताको जवाफ यस्तो थियो- "इन्दोरबाट मुम्बई आएपछि मैले कहिल्यै घोडामा त पैसा लगानी गरिन, गधामा म कसरी लगानी गर्न सक्छु ?' तर, केही समयपछि सलमान खानले सुरज बडजात्याको फिल्म 'मैने प्यार किया'मा काम पाए । यो फिल्मले उनलाई रातारात स्टार बनायो । हालै सलमानको फिल्म सिकन्दर यसै वर्ष रिलिज भएको थियो । यो फिल्मले बक्स अफिसमा राम्रो प्रदर्शन गर्न सकेन । अब सलमान चाँडै फिल्म ब्याटल अफ गलवानमा देखिँदैछन् ।


मिथिला नगरपालिका वडा नं.०६, धनुषा स्थित मां जानकी भेनियर उद्योगको लागी आवश्यक पर्ने प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धी

सार्वजनिक सूचना

मधेश प्रदेश धनुषा जिल्ला मिथिला नगरपालिका वडा नं.०६ माँ जानकी भेनियर उद्योग स्थित निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम : | मां जानकी भेनियर उद्योगको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी गर्ने कार्य। |
| प्रस्तावकको नाम र ठेगाना : | नामः- माँ जानकी भेनियर उद्योग<br>ठेगानाः- मिथिला नगरपालिका वडा नं.०६, धनुषा<br>सम्पर्क नंः- ९८१७६३४४५९ |
| प्रस्तावको ब्यहोरा : | धनुषा जिल्ला मिथिला नगरपालिका वडा नं.०६ को किता नं. ८१ को क्षेत्रफल ०-९-९ (बि.-क.-धु.) भएको जग्गामा निर्माण तथा संचालन हुने माँ जानकी भेनियर उद्योगको लागी प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी गर्ने कार्य। |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा./गा.पा : | जिल्ला धनुषा मिथिला नगरपालिका वडा नं.०६ |

माथी उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक प्रणाली, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थय चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

राय सुझावको लागी पत्राचार गर्ने ठेगानाः

| | |
|---|---|
| सम्बन्धित वडा कार्यालय : | मिथिला नगरपालिका<br>०६ नं वडाको कार्यालय, धनुषा |
| प्रस्तावकको नाम र ठेगाना : | नामः- माँ जानकी भेनियर उद्योग<br>ठेगानाः- मिथिला नगरपालिका वडा नं.०६, धनुषा<br>सम्पर्क नंः- ९८१७६३४४५९ |
| परामर्शदाताको नाम र ठेगाना : | सुनरस कन्सल्टेन्सी एण्ड ट्रेडर्स प्रा.लि., बिरगंज-१६, धनुषा ।<br>सम्पर्क व्यक्ति : शम्भु प्रसाद चौरसिया<br>सम्पर्क नं. : ९८५१००६६४३<br>इमेल : shamblnuprasadchaurasia@gmail.com |


# काबुलमा गहिरिँदो पानी सङ्कट

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १२ श्रावण

अफगानिस्तानको राजधानी काबुलको पूर्वी भागमा बिहान सबेरैदेखि सयौँ बासिन्दाहरू सुख्खा, चर्किएको जमिनबाट निस्केको सानो पाइप वरिपरि खाली प्लास्टिक ब्यारेलहरू लिएर जम्मा हुन्छन् । यो कुनै साधारण इनार नभई ३०० मिटर गहिरो जीवन रेखा हो, जुन सतहका स्रोतहरू सुकेपछि समुदायले चट्टानका तहहरूबाट खनेको हो ।

प्रत्येक व्यक्तिले दुई दिनसम्मका लागि मात्र एक ब्यारेल (लगभग १० लिटर) पानी पाउँछन् । प्रभावितहरूमध्ये काबुलको दुर्गम भागमा बस्ने ६२ वर्षीय वृद्धा हुसेन अली पनि छन् । हरेक केही दिनमा अली पानीको खोजीमा आफ्नो पछाडि प्लास्टिकको ब्यारेल तान्दै धेरै किलोमिटर हिँड्छन् । जब उनी अन्ततः सामुदायिक धारा पुग्छन्, तब पर्खाइको लाइन सधैँ अनन्तसम्म फैलिएको हुन्छ ।

# बालेन र ममदानीको लोकप्रियताले देखाएको वैकल्पिक नेतृत्वको खोजी

-आगामी ४ नोभेम्बरमा हुन लागेको अमेरिकाको न्युयोर्क सिटीको मेयर चुनावका लागि जोहरान क्वामे ममदानीको 'साहसी र समावेशी अभियान'ले सबैको ध्यान तानेको छ । युगाण्डाबाट न्युयोर्क आएका ममदानीले आर्थिक न्याय र आवासीय पहुँचमा आधारित प्रगतिशील राजनीतिलाई आफ्नो मूलमर्म बनाएका छन् । लोकतान्त्रिक समाजवादमा विश्वास राख्ने बताइरहेका उनले सम्पत्तिको समान वितरणले जीवनस्तर सुधार्ने विचार व्यक्त गरिरहेका छन् । उनको लोकप्रियताले डेमोक्रयाट र रिपब्लिकनलाई नै तरंगित बनाएको छ। वर्षौंदेखिको दलहरुको विरासतलाई न्युयोर्कको मेयरमा उम्मेदवारी दिने तयारी गरिरहेका ममदानीले एकाएक कसरी तरंगित बनाए ? आफूलाई चर्चाको शिखरमा कसरी पुऱ्याए ? त्यसमा आउनुअघि केही समकालीन विश्व राजनीतिको कुरा जोडौं ।

विश्व राजनीति अहिले पछिल्लो दशककै जटिल मोडमा छ । स्थापित मूल्यमान्यताहरु भत्किरहेका छन् । राजनीतिशास्त्र र अन्तर्राष्ट्रिय डिप्लोमेसीका सिद्धान्तहरुले फेल खाइरहेका छन् । मूलतः अमेरिकाको राष्ट्रपतिको रुपमा सन् २०१६ मा पहिलो कार्यकालका लागि रिपब्लिकनका डोनाल्ड ट्रम्प उदाएसँगै विजारोपण भएको लोकतान्त्रिक उपलब्धिविरुद्धको त्रासदीलाई दोस्रो कार्यकालले थप अनुमोदन गरिदिएको छ । लोकतन्त्र, त्यसभित्र पनि पार्टी पद्धतिमा स्वस्थ रुपमा सञ्चार प्रक्रिया अवरुद्ध हुँदाको विकल्पमा नयाँ नेतृत्वको खोजी भएको बुझ्न कठिन छैन । यसले के देखाउँछ भने राजनीतिक शक्ति माथिल्लो तहका नेता र प्रभावशाली व्यक्तिको नियन्त्रणमा मात्रै सधैंभरि सीमित हुँदैन । शक्ति सन्तुलनको अवस्था धर्मराएको छ । शीतयुद्धकालीन दुई ध्रुवीय विश्व राजनीतिको 'ब्यालेन्स' अब कता जाँदैछ भन्ने ठम्याउनै गाह्रो छ ।

सन् २०२२ देखि जारी रुस-युक्रेन युद्धले पश्चिममा शक्तिको अवस्थालाई उदाङ्गो बनाएको छ । लगत्तै अर्को वर्षमध्ये एसियामा देखिएको तनाव र त्यसपछि देखिएको अमेरिकी सक्रियताले संयुक्त राष्ट्र संघकै भूमिकामाथि प्रश्न उठ्न थालेको छ । राष्ट्र संघको पुर्नसंरचना गर्नुपर्ने आवाज विश्वमञ्चमा सशक्त भएर आएको छ । विश्व राजनीतिको यस जटिल परिवेशमा फरक नेतृत्वको अपेक्षा नागरिकका लागि स्वाभाविक बन्न पुगेको छ । अमेरिकाको न्युयोर्क होस् वा नेपालको काठमाडौं एकै स्वरले खोजिरहेका छन् राजनीतिमा, व्यवहारमा र शासकीय शैलीमा नयाँ प्रयोग । राजनीतिक रुपमा यसलाई 'पपुलिजम' पनि भन्न सकिएला । तथापि, वैश्विक परिवेशमा राजनीतिको यो चेतनालाई कसरी मुखरित भयो ? त्यसको मुख्य स्रोत के हो ? भन्ने प्रश्न पनि छँदैछ । घोत्लिएर हेर्ने हो भने त्यसको स्पष्ट रुट आँकलन गर्न कठिन छैन, अमेरिकाका ट्रम्प हुन् कि भारतका मोदी, युक्रेनका जेलेन्स्की वा नेपालका केपी ओली । समग्र राजनीतिक प्रवृत्तिको कुरा गर्दा यही तथ्यले मुखरित गर्छ कि उनीहरु नै पछिल्लो दशकमा देखापरेको पपुलिजमका स्रोत हुन् । पपुलिजमभन्दा पनि समकालीन नेतृत्वको राजनीतिक रणनीतिलाई मात खुवाउनेगरी कसरी अगाडि आए बालेन वा ममदानी ? यस आलेखमा सोही कुरालाई केलाउने कोसिस गरिएको छ । विश्व राजनीतिमा दुई फरक भूगोलबाट उदाउन खोजेका ममदानी हुन् वा बालेन, उनीहरुले एउटा सन्देश स्पष्टै रुपमा दिएका छन्- शक्तिको स्रोत नागरिक हो । यही ग्रासरुटबाट शक्तिको पुष्पण हुन्छ । लोकतान्त्रिक शासन प्रणालीमा सार्वभौमसत्ता जनताले आफ्ना प्रतिनिधिमार्फत उपयोग गर्छन् ।

लोकतन्त्रमा नागरिक नै सर्वेसर्वा हुन् । चीरकालसम्म एउटै पात्र वा प्रवृत्ति स्थापित हुन सक्दैन



भन्ने कुरा विश्व राजनीतिमा देखिएका यी ज्वलन्त उदाहरण हुन् । २०७९ सालको स्थानीय तह निर्वाचनको बेला बालेन शाहले अपनाएकोजस्तै चुनावी शैली ममदानीको पनि देखिन्छ ।

राजनीति साँचो अर्थमा आर्थिक रुपान्तरणमार्फत नागरिकको व्यवहारमा देखिने परिवर्तन हो । जुन कुरा देशको शासन प्रणालीसँगै अर्थतन्त्रसँग जोडिएको हुन्छ । स्पष्ट आर्थिक नीति विना राजनीतिक मुद्दालाई व्यवहारमा उतार्न असम्भव हुन्छ । राजनीतिक मुद्दा कुनै मुभमेन्टको रुपमा प्रकट भए पनि त्यसले पैदा गर्ने तरंग अन्ततः अर्थतन्त्रसँग जोडिएर टुंगिन्छ । नागरिकको अपेक्षा भनेकै शिक्षा, स्वास्थ्य, रोजगारी र पूर्वाधार विकास हो । सहज जीवनशैली र राज्यको उपस्थितिको खोजी हो । माग र आपूर्तिसँगको तन्तु जोडिएका कारण राजनीतिक मुद्दाले नागरिकको जीवनस्तरमा सुधार नगरी सुखै छैन भन्ने लोकतान्त्रिक प्रणालीमा सर्वस्वीकार्य सिद्ध भइसकेको छ । ममदानीले गरिब, मजदुर र युवाहरूको पक्षमा आफ्नो चुनावी अभियानलाई मुखरित गरेका छन्, जहाँ सस्तो आवास, सुलभ यातायात र सामाजिक न्यायको सिद्धान्त अंगीकार गर्न खोजिएको छ । बालेनले उठाएका राजीतिक एजेन्डा हुन् कि ममदानीले उठाएका चुनावी एजेन्डा, जसले परम्परागत राजनीतिक प्रवृत्ति र यथास्थितिलाई चलायमान बनाउन खोजेको छ । बीपीले अँगालेको प्रजातान्त्रिक समाजवाद वा मदन भण्डारीले प्रतिपादन गरेको जबज प्रकारान्तरमा किन नागरिकसामु लोकप्रिय बन्न पुगे त ? उनीहरु नेपाली राजनीतिको केन्द्रमा किन अहिलेसम्म छन् ? यसको एउटै जवाफ हुनसक्छ, तात्कालिक परिस्थितिलाई बुझेर भविष्यको रुपरेखा उनीहरुले आफ्नो राजनीतिक एजेन्डामार्फत कोरे । पछिल्लो पटक राजनीतिमा देखिएका यी नयाँ अनुहारहरुले विद्मान राजनीतिक जडताको विकल्पका रुपमा नागरिकले उठाएको देखिन्छ । तर उनीहरुले उठाएको एजेण्डा कार्यान्वयनको माध्यम आर्थिक नीति नै हो । यदिप, राष्ट्रिय राजनीतिमा उनीहरुको उपस्थिति छैन । संगठित नीति कार्यान्वयन गर्ने दलको रुपमा आएका छैनन् । तर नागरिकले उनीहरुको एजेन्डालाई मन पराएरै लोकप्रियताको कमिसनमा उभ्याएका छन् ।

साभार : रातोपाटी ।



अनुरोधकर्ता
लोहारपट्टी नगरपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश

पत्रिका/पेपर
कम्प्यूटराईज गराउन
सम्झनुहोस।


सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७, ९७०९०५७०६१ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला






अनुरोधकर्ता
पिपरा गाउँपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday